# आर्थिक वर्ष २०८०/८१
# को
# बजेट वक्तव्य

## पञ्चदेवल विनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## विनायक, अछाम
## २०८०

पञ्चदेवल विनायक नगरपालिकाको नगरसभाको दशौं अधिवेशनमा २०८० साल असाढ १० गते आइतबारका दिन नगर उप-प्रमुख श्री हर्क बहादुर रावलले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य

पञ्चदेवल विनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

विनायक, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८०

www.panchadewalbinayakmun.gov.np

पञ्चदेवल विनायक नगरपालिका

**नगरसभाका आदरणिय अध्यक्षज्यू र नगरसभाका सदस्यहरु,**

१. यस गरिमामय नगरसभाको दशौं अधिवेशनमा पञ्चदेवल विनायक नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ती तथा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाको लागि समय-समयमा भएको राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. नेपालको संविधान, २०७२ जारी भएपछी दोस्रो पटक संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भएर हामी स्थानीय जनप्रतिनिधिहरु आफ्नो कार्यकालको दोस्रो वर्षमा अगाडी बढिरहेका छौं ।

४. मुलुकको अर्थतन्त्रमा देखिएका समस्या, आर्थिक चुनौतीहरु र हाम्रो नगरपालिकामा पर्ने प्रभावहरुलाई सम्बोधन हुने गरी आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छ । आम नगरबासी जनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा सीमान्तकृत र पछाडी परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छ ।

५. आगामी बजेट नगरबासी जनताको समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । बेरोजगार युवाहरुलाई पालिकाभित्रै आर्थिक गतिविधिमा आबद्ध हुन प्रेरित गर्ने, उद्यमशिलता विकास गरी गरीबि न्यूनिकरण गर्ने, सार्वजनिक सम्पत्तिको जगेर्ना गर्ने तथा स्रोत र साधनको प्रभावकारी एवं परिणाममुखी परिचालन गर्ने दिशामा बजेट उन्मुख रहेको छ ।

६. बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नगरपालिकाको आवधिक योजना, दिगो विकास लक्ष्यका सूचकहरु, तीनै तहका सरकारका साझा अधिकारहरु, एकल अधिकारहरु, स्थानीय सरकारको नीति तथा कार्यक्रम र विषयगत समितिहरु लगायत कार्यपालिकाबाट प्राप्त सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छ । यसैगरी संघ र प्रदेशबाट प्राप्त मार्गदर्शन, स्थानीय राजनीतिक दल, संघ-संस्था, आम नागरिक, निजी क्षेत्र, सञ्चार जगत् लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाएको छ ।

७. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा स्थानीय जनअपेक्षालाई सम्बोधन गर्नेगरी नगरबासीहरुमा आशा र भरोसा जगाउने विश्वास लिएको छ । यसका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय राजनीतिक दल, जनप्रतिनिधि, विकास साझेदार संघ-संस्था, निजी क्षेत्र, सञ्चार जगत र आम नगरवासी नागरिकहरुको सहयोग र ऐक्यवद्धताबाट बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

**सभा अध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- चालु आर्थिक बर्षमा कुल विनियोजित बजेट रु .६१ करोड १० लाख ४२ हजार २ सय २३ रुपैया ४९ पैसाको अर्थात विनियोजनको ७३ दशमलब ३८ प्रतिशत खर्च हुने अनुमान छ ।

कूल बजेट खर्च मध्ये चालु खर्च रु ३४ करोड ११ लाख २ हजार १ सय ७६  अर्थात विनियोजनको ८२  प्रतिशत  र पुँजिगत खर्च रु १० करोड ७२ लाख ८५ हजार १ सय ७७ अर्थात  विनियोजनको ८५ प्रतिशत खर्च हुने संसोधित अनुमान रहेको छ ।

- अन्तर सरकारी वित्तीय हस्तान्तरणको कुल विनियोजित बजेट रु. १४ करोड १८  लाख ३८ हजारको  ८९.५४ प्रतिशत अर्थात रु. १२ करोड ७० लाख  खर्च हुने अनुमान छ ।
- चालु आर्थिक वर्षमा राजश्व संकलन रु. ८५ लाख ६७ हजार हुने संसोधित अनुमान रहेकोमा  रु. ४५,००,०००/- संकलनको अनुमान रहेको छ । यो लक्ष्यको ६२.५० प्रतिशतले संकलन हुने अनुमान छ । खासगरी राजश्व संकलनका लागि आवश्यक कानूनी जटिलता, नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा जनशक्तिको अभाव तथा करदाताहरुमा कर तिर्ने बानीको विकास हुन नसक्नु लगायतका विविध कारणले राजश्व संकलन कमजोर रहन गएको छ ।

**सभा अध्यक्षज्यू,**

अब म नगरपालिकाको बजेट प्रणालीमा देखिएका अवसर र चुनौती संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

- संघीय व्यवस्थामा रहेका संरचनागत तथा केही नीतिगत कारणबाट नगरपालिकाको समानीकरण बजेट वृद्धि हुनुको सट्टा समानीकरण अनुदान घट्दै र शसर्त अनुदान बढदै गइरहेको छ ।
- समानीकरण अनुदान घटेका कारण नगरपालिकाले लिएको विकास निर्माणको गती अर्थात पुँजिगत खर्च बढाउन सकेको छैन । आयोजनाको पूर्व तयारी र प्राथमिकिकरण नगरी साधनस्रोत छर्ने प्रवृती रहेकोले कार्यान्वयन पक्ष  कमजोर रहेको छ ।
- चालु आर्थिक  बर्षमा राजश्व संकलन लक्ष्य भन्दा कम छ, राजश्व प्रणालीमा सुधार, चुहावट नियन्त्रण र करको दायरा विस्तार गरी राजश्व परिचालन वृद्धि गर्नु पर्ने आवश्यकता महशुस गरेको छु ।
- पुँजिगत खर्चको प्रतिशत बढाउन, गुणस्तरिय आयोजना निर्माण गर्न तथा सार्वजनिक प्रशासनलाई नतिजामुखि बनाउन दक्ष र पर्याप्त कर्मचारी नहुँदा समयमा काम समपन्न हुन नसक्ने कुरा महशुस गरेको छु ।
- कर्णाली नदीमा रहेको ढुङ्गा, गिट्टी र बालुवा उत्खननका लागि IEE को काम सम्पन्न भैसकेकाले आन्तरिक राजश्व संकलनमा वृद्धि हुने विश्वास लिएको छु ।
- चालु खर्चलाई वाञ्छित सिमा भित्र राख्ने, दक्षता तथा कार्यान्वयन संयन्त्रको क्षमता अभिवृद्धि गर्ने उद्देश्यकासाथ बजेटमा सुधारको प्रस्ताव गरेको छु । यसबाट सार्वजनिक खर्चलाइ प्रभावकारी र उपलब्धीमुलक बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

माथि उल्लेखित चुनौती र अवसरलाई मनन गर्दै नगरपालिकामा रोजगारीका अवसर सिर्जना गर्ने, आर्थिक उत्पादन र सामाजिक पूर्वाधार निर्माण गरी नगरपालिकाको समग्र  विकासमा आधार तयार गर्ने तर्फ बजेट विनियोजनलाई जोड दिएको छु ।

**आर्थिक वर्ष २०८०/८१ को बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन:**

क. स्थानीय पूर्वाधारको विकास गर्ने,
ख. गुणस्तरिय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभुत गर्ने,
ग. रोजगारीका अवसर सिर्जना गरी गरीबी न्यूनीकरण गर्ने,
घ. चालु खर्चमा मितव्ययिता कायम गर्ने र सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धी गर्ने ।

**बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छन:**

क. गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,
ख. मानव संसाधन विकास र रोजगारी सिर्जना,
ग. कृषि, पशु र लघु उद्यम क्षेत्रको विकास गर्ने,
घ. शुद्ध खानेपानीको पहुँच वृद्धि गर्ने,
ङ. वातावरण संरक्षण, जलवायु परिवर्तन तथा विपद व्यवस्थापन,
च. गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।

**सभाअध्यक्ष महोदय,**

अब म यस पञ्चदेवल विनायक नगरपालिकाको आ.व. २०८०/८१ को आय व्यय विवरण र बजेट विनियोजन प्रस्तुत गर्न गइरहेको छु ।

## आ.व. २०८०/८१ को आय व्यय विवरण

| आम्दानीतर्फ | | | खर्चतर्फ | |
|---|---|---|---|---|
| क्र.सं. | आयका शिर्षकहरु | बजेट रु. | खर्चका शिर्षकहरु | बजेट रु. |
| १ | संघीय सरकार - वित्तिय समानिकरण | ९,२१,००,००० | प्रशासनिक चालु/पुँजिगत खर्च | ९,७१,८०,००० |
| २ | संघीय सरकार - सशर्त अनुदान (चालु) | २७,५५,००,००० | संघीय सरकार - सशर्त अनुदान (चालु) | २७,५५,००,००० |
| ३ | संघीय सरकार - सशर्त अनुदान (पुँजिगत) | ८२,००,००० | संघीय सरकार - सशर्त अनुदान (पुँजिगत) | ८२,००,००० |
| ४ | संघीय सरकार - विशेष अनुदान | १,१०,००,००० | संघीय सरकार - विशेष अनुदान | |
| | | | बहुक्षेत्रीय पोषण कार्यक्रम | ६०,००,००० |
| | | | कालिकास्थान लाइछे खानेपानी | ५०,००,००० |
| ५ | संघीय सरकार - समपुरक अनुदान | १,३५,००,००० | संघीय सरकार - समपुरक अनुदान | |
| | | | डम्पिङ्ग साइट निर्माण | १,७०,००,००० |
| | | | पञ्चदेवल क्याम्पस भवन निर्माण | १,००,००,००० |
| ६ | संघीय सरकार - राजश्व बाँडफाँड | १०,३४,००,००० | विषयगत शाखा कार्यक्रम खर्च | ४,६८,००,००० |
| ७ | प्रदेश सरकार - वित्तिय समानिकरण | ७५,६८,००० | पुँजिगत खर्च - नगर कार्यपालिकातर्फ | १,३३,६८,२५० |
| ८ | प्रदेश सरकार - राजश्व बाँडफाँड | ५५,९१,००० | पुँजिगत खर्च - वडातर्फ | ३,६०,५०,००० |
| ९ | प्रदेश सरकार - विशेष अनुदान | ३५,००,००० | प्रदेश सरकार - विशेष अनुदान<br>डम्पिङ्ग साइट निर्माण | ३५,००,००० |
| १० | प्रदेश सरकार - समपुरक अनुदान | ४०,००,००० | प्रदेश सरकार - समपुरक अनुदान<br>७ नं. वडा कार्यालय भवन निर्माण | ८०,००,००० |
| ११ | प्रदेश सरकार - सशर्त अनुदान (पुँजिगत) | ८२,००,००० | प्रदेश सरकार - सशर्त अनुदान (पुँजिगत) | ८२,००,००० |

| | | | | |
|---|---|---|---|---|
| १२ | नगरपालिकाको आ.व. २०७९/८० को आन्तरिक आय (अनुमानित) | ९०,३९,२५० | खानेपानी आयोजना साझेदारी (हेल्भेटास) | २,१८,००,००० |
| १३ | नगद मौज्दात | १,५०,००,००० | | |
| १४ | सामाजिक सुरक्षा तथा संरक्षण | | सामाजिक सुरक्षा तथा संरक्षण | |
| १५ | गरीबसँग विश्वेश्वर कार्यक्रम | | गरीबसँग विश्वेश्वर कार्यक्रम | |
| १६ | गैर सरकारी सँस्था | | गैर सरकारी सँस्था | |
| **जम्मा रु.** | | **५५,६५,९८,२५०** | **जम्मा रु.** | **५५,६५,९८,२५०** |

**पूर्वाधार तर्फः**

१. नगरपालिका क्षेत्रको बजारको फोहर व्यवस्थापनका लागि डम्पिङ्ग साइड निर्माण गर्न रु. २ करोड ५ लाख विनियोजन गरेको छु ।

२. नगरपालिकाको उच्चत्तम शिक्षण संस्था पञ्चदेवल क्याम्पसको भवन निर्माणका लागि रु. १ करोड विनियोजन गरेको छु ।

३. "**एक घर, एक खानेपानी**" को धारा निर्माणका ठुला आयोजना हेल्भेटाससंगको साझेदारीमा सम्पन्न हुने गरी रु. २ करोड विनियोजन गरेको छु ।

४. नगरपालिकाको प्रशासनिक भवन र वडा नं. ७ र ९ को वडा कार्यालय निर्माणका लागि आवश्यक बजेट रु. २ करोड विनियोजन गरेको छु ।

५. सब डिभिजन वन कार्यालयको भवन स्थानान्तरण गरी वनको नाममा रहेको घर जग्गा नगरपालिकाको नाममा प्रक्रिया पुरा गरी ल्याउन डिभिजन वन कार्यालयको भवनको स्थानान्तरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६. वडा नं. ८ को घोडिलास र वडा नं. ९ को भानाकोट खोलामा झोलुङ्गे पुल निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

७. वडा नं २ को ढिमढिमेमा शित भण्डार निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

८. सडकको पहुँचमा नभएका बस्तीहरु जोड्न बोरागाउँ कोसेडी, चिल्ताडा तामकोट, चिल्ताडा भानाकोट ग्रामिण सडक निर्माणका लागि बजेट विनियोजन गरेको छु ।

९. वडा कार्यालयसम्मका सडकहरुलाई नियमित सञ्चालनका लागि सडक मर्मत सम्भार कोषको व्यवस्था गरेको छु ।

१०. पुँजिगत खर्च तर्फ पूर्वाधार निर्माणका लागि सबै वडाहरुमा रु. २ करोड ५२ लाख ३५ हजार वित्तीय हस्तान्तरण गरेको छु ।

११. १० शैयाको अस्पताल निर्माणका लागि बजेटको व्यवस्था गरेको छु ।

**<u>सामाजिक विकासतर्फः</u>**

१. महालेखा परिक्षकको कार्यालयले पटक-पटकको प्रतिवेदनमा नगर स्वयंसेवक शिक्षकलाई दिएको अनुदान अनियमित भएको भनी बेरुजु लेख्ने गरेकोले नगर स्वयमसेवक शिक्षक अनुदानलाई खारेज गरेको छ ।

२. सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि शिक्षण सिकाई सुधार कार्यक्रमका लागि रु. ३ करोड ७ लाख विनियोजन गरेको छ ।

३. शिक्षक कर्मचारीको क्षमता विकास तालिम, खेलकुद विकास समिति गठन गरी युवाहरुलाई उत्पादन र रोजगारीसँग जोड्न, राष्टपति रनिङ्ग शिल्ड प्रतियोगिता र मेयर कप खेलकुद सञ्चालन गर्न रु. ३१ लाख बजेट विनियोजन गरेको छ ।

४. नागरिकको गुणस्तरिय स्वास्थ्य सेवा प्रदानका लागि रु. १ करोड १० लाख विनियोजन गरेको छ । **<u>जसअन्तर्गत</u>**

५. एक हजार दिनका आमा र बच्चाहरुको पोषणको अवस्था सुधार गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत रु. ६० लाख विनियोजन गरेको छ ।

६. सबै स्वास्थ्य संस्थामा सञ्चालित बर्थिङ्ग सेन्टरहरु सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

७. आमा समुहको खाजा कार्यक्रमलाई निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

८. महिला स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहन भत्तालाई निरन्तरता दिएको छ ।

९. नगरपालिकामा आँखा उपचार केन्द्र स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१०. सुत्केरी महिला र सुरक्षित गर्भपतन गरेका महिलाहरुको लागि निशुल्क एक्बुलेन्स सेवाको व्यवस्था गरेको छ ।

११. ल्याब सेवाको क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१२. ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमको गुणस्तरीय व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१३. महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण र सामाजिक सुरक्षाका लागि तपसिलका कार्यक्रममार्फत रु. २५ लाख विनियोजन गरेको छ ।

१४. महिला लघु उद्यम विकास र सशक्तिकरणका लागि रकम विनियोजन गरेको छ ।

१५. बालबालिका र किशोरीहरुको क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१६. सामाजिक सुरक्षा भत्ता नपाउने 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई उपचार खर्च स्वरुप दिने गरेको खर्चलाई निरन्तरता दिएको छ ।

**आर्थिक विकासतर्फः**

१. कृषि, पशुपंक्षि विकास र लघु उद्यमका लागि अन्तर्गत रु. ६० लाख विनियोजन गरेको छ ।

२. नयाँ लघु उद्यमी सिर्जना तथा पुराना उद्यमीको पुर्नताजगी तालिमका लागि बजेटको व्यवस्था गरेको छ ।

३. लम्पी स्किन महामारी रोग नियन्त्रणका लागि आवश्यक जनशक्ति परिचालन र औषधी खरिदका लागि बजेट विनियोजन गरेको छ ।

४. बाख्रा पकेट कार्यक्रमलाई निरन्तरता दिएको छ ।

५. निशुल्क पशु स्वास्थ्य घुम्ती शिविर र रेबिज रोग विरुद्ध खोप अभियान सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

६. "**एक घर, एक करेसाबारी**" र "**एक विद्यार्थी, एक फलफुल बिरुवा**" वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

७. आलु बालीको साना व्यवसायी कृषि उत्पादन केन्द्र पकेट कार्यक्रमलाई निरन्तरता दिएको छ ।

८. एक नमुना कृषि गाउँ स्थापना र माटो परिक्षण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

**सुशासन तथा क्षमता विकासतर्फः**

१. वडा कार्यालयमार्फत लक्षित वर्गको क्षमता विकासका लागि रु. १ करोड ८ लाख १५ हजार विनियोजन गरेको छ ।

२. समयअनुकुलको द्रुत सार्वजनिकसेवा प्रवाह गर्न कर्मचारीलाई दक्ष बनाउन क्षमता विकास तालिमका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

३. सार्वजनिक सेवालाई जनमैत्री बनाउन नगरपालिकाको प्रशासनिक भवनबाट सेवा प्रदान गर्न फर्निचर फिक्चर्सका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

४. कर्मचारीहरुलाई जनउत्तरदायी बनाउन कर्मचरीहरुको प्रोत्साहन तथा पुरस्कारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**<u>वन वातावरण तथा विपद व्यवस्थापनतर्फः</u>**

१. विपद प्रतिकार्य, राहत, उद्दार तथा पुनर्स्थापनाका लागि विपद् व्यवस्थापन कोषमा रु. ३० लाख विनियोजन गरेको छु ।

बजेट तर्जुमाको क्रममा नगरसभा समक्ष पेश गरेका उद्देश्य र प्राथमिकतामा गहन छलफल गरी सुझाव प्रदान गर्नु भएकोमा नगरसभा सदस्यज्यूहरुप्रती आभार व्यक्त गर्दछु । साथै बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्ने राजनीतिक दल, सामजसेवी, राष्ट्रसेवक कर्मचारी तथा आम नगरबासीप्रती हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

आर्थिक तथा सामाजिक विकास मार्फत समुन्नत नगर निर्माण गर्ने उद्देश्यका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वाश लिएको छु ।

**धन्यवाद ।**

**नमस्कार । जयनेपाल !**

पञ्चदेवल विनायक नगरपालिका